# नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागको
## नोट सटही सम्बन्धी सूचना

यस बैंकको थापाथली परिसरस्थित क्षतिग्रस्त सिंह महल भत्काउने कार्य भई रहेको अवस्थामा पनि नोट सटही गर्ने कार्यलाई स्थान अभावका कारण प्रभावित हुन नदिन सदा झैं बडा दशैं, २०७४ को उपलक्ष्यमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागद्वारा संवैधानिक निकाय, नेपाल सरकारका कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, संस्थान बैंक तथा वित्तीय संस्था, सर्वसाधारण नागरिक तथा अन्य सरोकारवाला पक्षहरुलाई विभिन्न दरका नयाँ तथा सफा/सुकिला नोट सटही सुविधाको लागि निम्नानुसारको व्यवस्था मिलाइएको व्यहोरा जानकारी गराइन्छ ।

१) सर्वसाधारण नेपाली नागरिकहरुका लागि नोट सटही सुविधा सहज रुपमा उपलव्ध हुन सकोस् भन्ने उदेश्यले **नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक र कृषि विकास बैंकका शाखाहरुबाट २०७४ भाद्र २८ गते देखि रु. ५, १०, २०, ५० र १०० दरका नयाँ तथा सफा/सुकिलो नोटहरु प्रति व्यक्ति अधिकतम रु. २०,०००।- का दरले सटही सुविधा उपलव्ध गराइनेछ** । त्यसैले आफूलाई पायक पर्ने नजिकको देहाएका बैंकहरुको शाखा कार्यालयहरुबाट रु. ५,१०,२०,५० र १०० दरका नयाँ सफा/सुकिलो नोटहरु सटही गर्न सकिने व्यहोरा सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**क)** **नेपाल बैंक लिमिटेड, शाखा कार्यालयहरुः**
**काठमाडौं बैंकिङ्ग अफिस न्यूरोड, बालाजु, पाटन औद्योगिक क्षेत्र, किर्तिपुर र भक्तपुर**

**ख)** **राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालयहरुः**
**सिंहदरवार प्लाजा भवन, टेकु, नयाँ बानेश्वर, सानो थिमी, विशालबजार र नक्साल**

**ग)** **कृषि विकास बैंक, शाखा कार्यालयहरुः**
**गौशाला, कोटेश्वर, रामशाहपथ, रत्नपार्क र मंगलबजार**

२) नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागका सटही काउण्टरहरुबाट सर्वसाधारण नेपालीहरुका लागि २०७४ भाद्र २८ गते देखि रु. ५, १०, २०, ५० र १०० दरका **नयाँ तथा सफा/सुकिलो नोटहरु प्रति व्यक्ति अधिकतम रु. २७,०००।- का दरले** सटही सुविधा प्रदान गरिनेछ ।

३) सटही सुविधालाई सहज ढङ्गबाट सम्पादन गर्न प्रत्येक दरका नोटको खुद्रा संख्या १०० को प्याकेटका आधारमा मात्र सटही गरिने भएकोले सोही बमोजिम नोट सहटीको माग गरी नोट सटही कार्यलाई सहयोग पुऱ्याउन सर्वसाधारणबाट यस बैंकले अपेक्षा राखेकोछ ।

४) संवैधानिक निकाय, नेपाल सरकारका कार्यालय, संस्थान, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी अन्य संघ संस्था लगायत कार्यालयहरुलाई सम्बन्धित निकायको पत्रको आधारमा नयाँ, सफा/सुकिलो नोटको उपलब्धता हेरी सटही गर्ने कार्य **मुद्रा व्यवस्थापन विभाग, थापाथलीको काउण्टरबाट २०७४ भाद्र २१ गतेदेखि ३० गतेसम्म नोट सटही सुविधा उपलव्ध गराउने व्यवस्था मिलाइएकोछ ।**

५) यस बैंकका उपत्यका बाहिरका कार्यालयहरु र यस बैंक मातहत संचालित नोटकोष रहेका वाणिज्य बैंकहरुले समेत २०७४ भाद्र २८ गतेदेखि सर्वसाधारणहरुलाई नयाँ सफा/सुकिलो नोट सटहीको सुविधा उपलव्ध गराउनु पर्नेछ ।

नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
थापाथली, काठमाडौं

note satahi 73